वनगाड कुपिण्डे नगरपालिका

स्थानिय राजपत्र

खण्डः ५ संख्याः १२ मितिः२०७९/०९/२९

भाग-२

वनगाड कुपिण्डे नगरपालिका

# संघ, संस्था दर्ता तथा नविकरण निर्देशिका, २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९/०८/२१

# संघ, संस्था दर्ता तथा नविकरण निर्देशिका, २०७९

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) (ठ) मा व्यवस्था भए बमोजिम वनगाड कुपिण्डे नगरपालिका क्षेत्रभित्र सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यावसायिक तथा परोपकारी सामाजिक गैर नाफामुलक संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्थित गर्न वाञ्छनीय भएकोले, वनगाड कुपिण्डे नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "संघ, संस्था दर्ता तथा नविकरण निर्देशिका, २०७९" रहेको छ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "संस्था" भन्नाले सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यावसायिक तथा परोपकारी सामाजिक गैर नाफामुलक कार्यहरुको विकास एवं विस्तार गर्ने उद्धेश्यले स्थापना भएको संघ, संस्था, क्लव मण्डल परिषद अध्ययन केन्द्र, समूह आदि सम्झनु पर्नेछ सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(ख) "नगरपालिका" भन्नाले वनगाड कुपिण्डे नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वनगाड कुपिण्डे नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले वनगाड कुपिण्डे नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "सम्बन्धित शाखा" भन्नाले कार्यालयको प्रशासन शाखा सम्झनु पर्दछ ।

(च) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनु पर्दछ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुनेः** यस निर्देशिका बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

४. **संस्थाको दर्ता र नविकरणः** (१) वनगाड कुपिण्डे नगरपालिका क्षेत्रभित्र संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायका विवरण खुलाई संस्थाको विधानको एक प्रति र नगरपालिकाले निर्धारण गरेको दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनुपर्छ ।

(क) संस्थाको नाम

(ख) उद्देश्यहरु

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

(घ) आर्थिक श्रोत

(ङ) कार्यालयको ठेगाना

(च) संस्थाको विधान

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ताभित्र तोकिएको शुल्क लिई अनुसूची-२ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गरी प्रमाण पत्र दिईनेछ ।

(३) दफा (२) बमोजिम दर्ता किताबमा संस्था दर्ता गरेपश्चात अनुसूची-३ बमोजिम तोकिएको ढाँचामा प्रमाणपत्र दिईनेछ ।

(४) वनगाड कुपिण्डे नगर कार्यपालिकाको कार्यालयमा दर्ता भई संचालनमा रहेका प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नविकरण गरिसक्नुपर्नेछ । यदि ३ महिनाभित्र नविकरण नगरेमा नविकरण शुल्कको सत प्रतिशत थप शुल्क लिई चैत्र मसान्त भित्र नविकरण गरिनेछ । चैत्र मसान्त भित्र पनि नविकरण नगरेमा दर्ता खारेज हुनेछ ।

५. **संगठित संस्था मानिनेः** (१) यस निर्देशिका अन्तर्गत दर्ता भएका प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

६. **संस्थाको सम्पतिः** (१) संस्थाको सदस्य वा कर्मचारीलगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा कार्यालय त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट जफत गरी संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पति फर्ता गर्ने गरी कार्यालयले गरेको कारवाहीमा चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानूनले तोके बमोजिम पुनरावेदन गर्नसक्नेछ ।

७. **यस कार्यविधि जारी हुनु भन्दा अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नुपर्नेः** यो निर्देशिका प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानून बमोजिम दर्ता नभई स्थापित भई संचालनमा रहेका संस्थाले पनि यो निर्देशिका प्रारम्भ भएको मितिले ३ महिनाभित्र यसै बमोजिम दर्ता गराउनुपर्नेछ ।

८. **संस्थाको उद्देश्यहरु हेरफेरः** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अन्य कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ । तर सो प्रस्ताव लागु गर्न कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

९. **हिसावको विवरण पठाउनुपर्नेः** प्रबन्ध समितले सामाजिक परीक्षण गरी आफ्नो संस्थाको हिसाबका विवरण लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष कार्यालयमा पठाउनु पर्नेछ ।

१०. **हिसाब जाँच गर्नेः** (१) कार्यालयले आवश्यक देखेमा संस्थाको हिसाब कार्यालयको अधिकारप्राप्त व्यक्तिबाट जाँच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकारीले कार्यालयले तोकेको म्यादभित्र हिसाब जाँचकव प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्नुपर्नेछ । सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दूरुपयोग गरेको देखिन आएमा गाउँ कार्यपालिकाको बैठकले सो को असुल उपर गर्न गराउन आदेश दिनेछ ।

११. **दण्ड सजायः** (१) दफा (३) बमोजिम कार्यालयमा दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाको प्रवन्ध समितिको सदस्यहरुलाई कार्यालयले जनही दश हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध समितका सदस्यहरुलाई जनही तीन हजार रुपैया सम्म जरीवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन भरसक प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई दण्ड सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (२) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकारी वा पदाधिकारीले मागेको विवरण तथा कागजात वा सोधेको प्रश्नकव जवाफ नदिने सम्बन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई कार्यालयले एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम कार्यालयको पूर्व स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुनेगरी काम कारवाही गरेमा र कार्यालयले दिएको निर्देशन पालना नगरेमा कार्यालयले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

१२. **पुनरावेदनः** दफा (११) बमोजिम कार्यालयले गरेको अन्तिम निर्णय उपर चित्त नबुझेमा ३५ दिन भित्र तोकिएको अदातामा पुनरावेदन लाग्नेछ ।

१३. **संस्थाको विघठन र त्यस्को परिणामः** (१) संस्थाको विधान बमोजिम कार्यालय संचालन गर्न नसकी वा अन्य कुनै कारणवश विघठन भएमा त्यस्तो संस्थाको जायजेथा यस कार्यालयमा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघठन भएको संस्थाको दायित्वको हकमा संस्थाको जायजेथाले थामेसम्म त्यस्ता दायित्व नगरपालिकाले व्यहोर्नेछ ।

१४. **अधिकार प्रत्यायोजनः** यो निर्देशिका कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

१६. **खारेजी र बचाउः** (१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानून विपरित भएका दफा सोही अनुसार खारेज वा परिमार्जन हुनेछन् ।

(२) यस अघि भएका संघ संस्था दर्ता सम्बन्धी कामकाज यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची -१

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

## <u>निवेदन पत्रको ढाँचा</u>

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
वनगाड कुपिण्डे नगरपालिका
सल्यान ।

**बिषयः संस्था दर्ता गरिदिनु हुन ।**

महोदय,

हामीले ............................................................................................................ नामको संस्था खोल्न चाहेकोले संस्था दर्ता तथा नविकरण निर्देशिका, २०७९ बमोजिम संस्था दर्ता गर्नका लागी देहायको विवरण खुलाई विवेदन पेश गरेका छौ । साथै प्रस्तावित विधानको १ प्रति पनि यसैसाथ संलग्न गरिएको छ।

विवरणः

१. संस्थाको नाम, ठेगाना :

२. संस्थाको उद्धेश्यः

क)

ख)

ग)

३. संचालन समितिका सदस्यहरु :

| सि.नं. | नाम, थर | ठेगाना | पेशा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

४. आर्थिक श्रोत :

५. संलग्न कागजातहरु :

१. संस्थाको विधान

२. वडा कार्यालयको सिफारिस

३. सञ्चालन समितिको पदाधिकारीहरुको प्रत्येकको नागरिकताको प्रतिलिपि

४. संस्थाको छापको नमुना

<u>निवेदकको</u>

हस्ताक्ष :

नाम, थर :

सम्पर्क नं. :

मितिः

अनुसूची -३

(दफा ४ को उपदफा (३) संग सम्वन्धित)

संस्था दर्ता प्रमाणपत्रको ढाँचा

# वनगाड कुपिण्डे नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

देवस्थल, सल्यान

कर्णाली प्रदेश, नेपाल

## संस्था दर्ताको प्रमाणपत्र

संस्था दर्ता नं. : ...........

श्री अध्यक्ष/सचिव

............................................................ ।

........................................................................... संस्थालाई संस्था दर्ता तथा नविकरण निर्देशिका, २०७९ को दफा ४ बमोजिम ......................... साल .............. महिना.......... गतेमा यस कार्यालयमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

दर्ता गर्ने अधिकारी

दस्तखत :

नाम, थर :

पदः

मितिः

अनुसूची -२

(दफा ४ को उपदफा (२) संग सम्बन्धित)

संस्था दर्ता किताबको ढाँचा

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य/कार्यक्षेत्र | संस्थाको पदाधिकारी एवं सदस्यको नाम | ठेगाना | दर्ता गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## नविकरण तालिका

| नविकरण गरेको मिति | दर्ताको प्रमाणपत्र बहाल रहने अवधि | नविकरण दस्तुर, रसिद नं. | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
| --- | --- | --- | --- | --- |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |